# स्वास्थ्य बीमामा Real Time दाबी गर्ने सम्बन्धी कार्यविधि, २०८०

नेपाल सरकार स्वास्थ्य बीमा बबरमहल, काठमाडौं २०७४

प्रस्तावनाः

स्वास्थ्य बीमा बोर्डको दावी प्रणाली प्रकृयालाई गुणस्तरीय बनाई कार्यक्रमलाई थप प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बीमा बोर्डले देहायको कार्यविधि बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्वास्थ्य बीमामा Real Time Claim गर्ने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मिति २०८१।०१।०१ बाट देखि प्रारम्भ हुनेछ।

(२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "दावी" भन्नाले सेवा प्रदायक संस्थाद्वारा सेवा प्रदान गरे बापत IMIS मा प्रविष्ट गरेको सोधभर्ना गरेको रकम भन्ने सम्झनु पर्छ ।

(ग) "Real time दावी" भन्नाले बीमितले सेवा लिएको दावी सोहि समयमा हुने व्यवस्था भनि सम्झनु पर्छ ।

(३) Real Time दाबी सम्बन्धमा (१) सेवा प्रदायक स्वास्थ्य संस्थाद्वारा सम्पुर्ण दावी प्रकृयाहरु Real Time गर्नु पर्नेछ । सेवाका प्रकारहरु र पद्धतिका दावी गर्ने नियमहरु निम्न प्रकार रहनेछन्।

१. ओ पि डि (OPD Case) को हकमाः

(क) ओ पि डि टिकट ७ दिन भित्र एउटै प्रयोग हुनेछ ।

(ख) सोहि टिकेटले नै सोहि दिनको फरक/फरक Consultation र ७ दिन भित्र फरक/फरक Consultation हकमा सोहि OPD Ticket नै लागू हुनेछ।

(ग) फरक/फरक Consultation को लागि सम्वन्धि Departmentबाट Prescription मा Referal लेखिएको हुनुपर्ने छ ।

(घ) बीमितले सेवा लिने समयमा विल काटिसके पछि IMIS मा प्रविस्ट हुनुपर्ने छ र उक्त दावी स्वचालित (Automatic) रुपमा प्रविष्ट गर्नुपर्नेछ । साथै सोहि दिनको सेवा लिएका बीमितहरुको सेवा/औषधि हरुको दावी सोहि Claim code मै हुनु पर्ने छ र प्रति दिन नयाँ Claim code प्रयोग गर्नु पर्नेछ ।

Scanned with CamScanner

(ङ) उपचारमा संलग्न चिकित्सकको NMC नं (NMC1, NMC2, …..) र Diagnosis अनिवार्य हुनुपर्नेछ ।

(२) आकस्मिक **(Emergency)** सेवाको हकमा विरामी डिस्चार्ज भएकै समयमा दावी गरि सक्नु पर्ने छ।

(३) अन्तरंग **(IPD)** सेवाको हकमा

(क) बिरामी Discharge भएकै समयमा दाबी गरि सक्नु पर्नेछ।

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) मा तोकिए बमोजिमकै सुविधा थैली भित्र रहेर Package मा अनिवार्य दावी गर्नु पर्नेछ।

(ग) IMIS मा अन्तिम निदान र जाँच गरेको चिकित्सकको NMC नं अनिवार्य हुनु पर्नेछ।

(४) कागजात सम्बन्धमा:

(क) अन्तरंग (IPD) को हकमा Discharge summary (OT नोट, Procedure नोट, CT/ MRI नोट /ICU नोट लगायत अन्य) र ओ पि डि र आकस्मिक सेवाको हकमा API मार्फत डिजिटल विल अनिवार्य अपलोड गर्नु पर्नेछ ।

(ख) बोर्डलाई आवश्यकता परेको खण्डमा जुनसुकै Real time का दस्तावेजहरु उपलब्ध गराउनु पर्ने छ ।

(ग) वोर्डले आवश्यकता अनुसार जुनसुकै समयमा भौतिक अनुगमन गर्नेछ, सोको सहजीकरण गर्ने सेवा प्रदायक संस्थाको जिम्मेवारी हुनेछ।

५ <u>संशोधन:</u> वोर्डले यो कार्यविधि समय परिस्थिति अनुरुप आवश्यक संशोधन गर्न सक्नेछ।

Scanned with CamScanner